चुलाचुली गाउँपालिका

# गाउँकार्यापालिकाको कार्यालय

चुलाचुली,इलाम

१ नं प्रदेश, नेपाल

## दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७८-०८-०१ (Nov 17 2021)

यस कार्यालयको आ.व २०७८-७० को तपशिल बमिजिमको स्वीकृत कार्यक्रम शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले इजाजतप्राप्त इच्छुक सप्लायर्सहरुले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तपशीलमा उल्लेख भएअनुसार दस्तुर (फिर्ता नहुने गरी) चुलाचुली गाउँपलिकाको कार्यालयको NMB Bank Chulachuli, Ilam शाखामा रहेको आन्तरिक राजश्व खाता नं १०३०००६०७४४२०००३० मा जम्मा गरेको भौचर साथै इच्छुक सप्लायर्सले व्यवसाय नविकरण भएको ईजाजत पत्र, आय कर तथा मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ व २०७७-७८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन अर्थात मिति २०७८-०८-१५ (Dec 1 2021) गतेका दिन कार्यालयमा सम्पर्क राखि HARD COPY मार्फत दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएका दरभाउपत्र फारमहरु उल्लेख भएका सबै विवरण रितपुर्वक भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहि छाप गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहा छाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औ दिन अर्थात मिति २०७८-०८-१६ गते दिउसो १२ बजेसम्म कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

३. दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको १ बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खिलिनेछ।

४. दरभाउदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोलिने कार्यमा कुनै वाधा पर्ने छैन । दरभाउपत्र बिक्री तथा दाखिला गर्न अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमिजिम हुनेछ ।

५. शिलबन्दी दरभाउपत्र तथा दरभाउपत्र फारमसाथ जमानत बापत तपशिलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको धरौटी खाता नं १०३००७४४२०००३७ मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिनको मान्य अवधी भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मुल्य अभिबृद्धि कर बाहेक दररेट उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाँउमा दरभाउपत्रदाताको सहिछाप भएको हुनुपर्नेछ ।

प्रमुख
कृषि विकास शाखा

७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने अधिकार यस गाउँपालिका सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैन।

९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संसोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ।

१०. यस सूचना चुलाचुली गाउँपालिकाको वेभसाइट www.chulachulimun.gov.np समेत राखिएको छ ।

११. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि Performance Bond मार्फत बोलपत्रदाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुदा नं ५ मा उल्लेख भएको खातामा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नुपर्ने अवधी भन्दा कम्तिमा १३ महिना बढिको म्याद राखी जारी गरेको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

१२. स्पेशिफिकेशनमा उल्लेखित भए बमोजिमको कृषि उपज बिउ/बिजन गाउँपालिकाको कार्यालयसम्म ढुवानीको ब्यबस्था सप्लायर्स आफैले गर्नुपर्नेछ ।प्याकेजिङमा प्रयोग भएको बोरामा उल्लेखित जातको बिउ बिजनको नाम र जात प्रष्ट देखिने गरी लेबलिङ भएको हुनुपर्नेछ ।

१३. नेपाल सरकारबाट उन्मोचित जात र आलु बिकास फर्महरुबाट उत्पादित तपशील बमोजिमका गुणस्तरका आलुका बिउहरु सप्लाई गर्नुपर्नेछ । साथे मकैको हकमा पनि निम्नानुसार हाइब्रिड जातको हुनुपर्नेछ ।

| क सं | विउको प्रकार | जात |
|---|---|---|
| १ | उन्नत जातको आलु | कार्डिनल |
| २ | उन्नत जातको आलु | जनकदेव |
| ३ | उन्नत जातको आलु | एम एस ४२ |
| ४ | उन्नत जातको आलु | खुमल उपहार |
| ५ | उन्नत जातको आलु | डिजिरे |
| ६ | उन्नत जातको आलु | कुर्फि सिन्दुरी |
| ७ | हाइब्रिड जातको मकै | टि एक्स (३६९) |

<u>कामको बिबरण</u>

| सि नं | ठक्का नं | कामको विवरण | लागत इष्टिमेट(भ्याट सहित) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | 15/Chulachuli/078-79 | उन्नत जातको आलुको बिउ खरिद | रु ११,२४,६३२ | रु ३०,००० | रु १,००० |
| २ | 16/Chulachuli/078-79 | हाइब्रिड जातको मकैको बिउ खरिद | रु १३,४८,५४२ | रु ३४,००० | रु १,००० |

प्रमुख
कृषि विकास शाखा